# मित्रराष्ट्र बङ्गलादेशका महामहिम राष्ट्रपतिज्यूको पोखरा भ्रमण सम्बन्धी
# प्रेस विज्ञप्ती

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको मैत्रीपूर्ण निमन्त्रणामा मित्रराष्ट्र बङ्गलादेशका महामहिम राष्ट्रपति मो. अब्दुल हमिदज्यूको २०७६ साल कार्तिक २६ गतेदेखि २९ गतेसम्म भइरहेको नेपालको राजकीय भ्रमणको क्रममा कार्तिक २८ गते महामहिम राष्ट्रपतिज्यू र उहाँको भ्रमणदलका सदस्यहरुले गण्डकी प्रदेशको राजधानी सुन्दर पर्यटकीय नगरी पोखराको भ्रमण गर्नुभएको थियो ।

मित्रराष्ट्र बङ्गलादेशका महामहिम राष्ट्रपतिज्यूको कार्तिक २८ गते विहान ११.०० बजे नेपालको पर्यटकीय राजधानी पोखरा आगमन हुँदा विमानस्थलमा माननीय प्रदेश प्रमुख श्री अमिक शेरचन, माननीय कार्यबाहक मुख्यमन्त्री श्री किरण गुरुङ्ग, गण्डकी प्रदेश सभाका माननीय सभामुख, पोखरा महानगरपालिकाका प्रमुख, गण्डकी प्रदेश सरकारका प्रमुख सचिव लगायतका उच्च पदस्थ पदाधिकारी र जनस्तरबाट भव्य स्वागत गरियो। सो अवसरमा विभिन्न् साँस्कृतिक झाँकी प्रदर्शन गर्नुका साथै पञ्चेदबाजा र पञ्चभकन्याद्वारा पुष्पगुच्छा समेत अर्पण गरी स्वागत गरिएको थियो ।

महामहिम राष्ट्रपति, प्रथम महिला तथा उहाँको भ्रमण टोलीमा संलग्न भ्रमणदलका सदस्यहरुले फेवातालमा नौकाबिहार गर्नु भई महामहिम राष्ट्रपतिको सम्मानमा गण्डकी प्रदेश सरकारले आयोजना गरेको दिवाभोजमा सरिक हुनुभएको थियो। सो अवसरमा बङ्गलादेशका महामहिम राष्ट्रपतिज्यूले सुन्दर नगरी पोखरा र समग्र गण्डकी प्रदेशको भौगोलिक अवस्था र विकासका बारेमा जिज्ञासा राखुिभएको थियो। गण्डकी प्रदेशका माननीय कार्यवाहक मुख्यिमन्त्रीज्यूले मित्रराष्ट्र चीन र भारतसम्म फैलिएको गण्डकी प्रदेशले हिमाल, पहाड र तराईलाई समेटेको, आठ हजार मिटर भन्दा अग्ला धौलागिरी, अन्नपूर्ण र मनास्लु हिमश्रृङ्खला यसै प्रदेशमा रहेको, पोखराको शिरमा रहेको माछापुच्छ्रे र फेदमा रहेको फेवातालले पोखरालाई पर्यटनको आकर्षक गन्तव्य बनाएको, गण्डकी प्रदेश बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधतायुक्त प्रदेश भएको, गण्डकी प्रदेश प्रचुर मात्रामा पर्यटकीय सम्भावना भएको प्रदेश भएको तथा गण्डकी प्रदेश सरकार गण्डकी प्रदेशको विकासका लागि लागिपरेको अवगत गराउनुभएको थियो । त्यसैगरी माननीय कार्यवाहक मुख्येमन्त्रीज्यूले गण्डकी प्रदेश सरकारले सन् २०१९ लाई आन्तरिक पर्यटन वर्ष घोषणा गरी नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्षसन् २०२० लाई सफल पार्न प्रयत्नशिल रहेको जानकारी गराउनुभएको थियो। सो अवसरमा फेवातालबाट मनोरम हिमश्रृङ्खलाहरुको अभिरुचिपूर्ण दृश्यावलोकन गर्नुभएका महामहिम राष्ट्रपतिज्यूले पोखराको सुन्दरताको हृदयदेखि नै प्रशंसा गर्नु भएको थियो। त्यसै गरी उहाँले नेपालको संघीय संरचना र न्यायपालिकाको बारेमा जानकरी लिनुभयो। सोही क्रममा उहाँले पर्यटकीय नगरी पोखरा बङ्गलादेशका जनताको भ्रमणको पहिलो रोजाइ रहेको जानकारी गराउनुभयो।

दिवाभोजको अन्त्यमा गण्डकी प्रदेशका तर्फबाट माननीय कार्यबाहक मुख्यमन्त्रीज्यूले मित्रराष्ट्र बङ्गलादेशका महामहिम राष्ट्रपतिज्यूलाई गण्डकी प्रदेशको संस्कृति झल्कने उपहार (आकर्षक खुकुरी) समेत प्रदान गर्नुभएको थियो । विदाइको क्रममा महामहिम राष्ट्रपतिज्यूले गण्डकी प्रदेशका माननीय मुख्युमन्त्रीज्यूलाई उपयुक्त समयमा मित्रराष्ट्र बङ्गलादेशको भ्रमणको लागि निमन्त्रणा गर्नुभएको थियो ।

तत्पश्चात महामहिम राष्ट्रपतिज्यू, प्रथम महिला तथा भ्रमण दलका सदस्यहरु मनोरम हिमश्रृङ्खलाको नजिकबाट दृश्यावलोकन गर्नका लागि रुपाकोट जानुभएको थियो ।उहाँ रुपाकोट पुग्दा गण्डकी प्रदेश सरकारका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमान, माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेत, प्रदेश सरकारका सचिवहरु, रुपाकोट गाउँपालिकाका अध्यक्ष श्री नवराज ओझा लगायतका उच्च पदस्थ पदाधिकारीहरु तथा जनस्तरबाट पुष्पगुच्छा अर्पण गरी भव्य स्वागत गरियो । सो अवसरमा स्थानीय मुस्लिम लगायतका जन समुदायबाट स्थानीय सँस्कृति झल्किने झाँकी प्रदर्शन गर्नुका साथै पञ्चेमबाजाद्वारा स्वागत गरिएको थियो। रुपाकोटमा करिब डेढ घण्टा बिताउनु भएका महामहिम राष्ट्रपतिज्यूले त्यहाँको मनोरम दृष्यबाट अत्यन्त उत्साहित भई नेपालको प्राकृतिक सुन्दरताको मुक्तकण्ठले प्रशंसा गर्नुभएको थियो।

गण्डकी प्रदेश सरकारले मित्रराष्ट्र बङ्गलादेशका महामहिम राष्ट्रपतिज्यूको यस प्रदेशमा भएको भ्रमणबाट अन्तराष्ट्रिय समुदायमा पोखरा लगायतका नेपालका सुन्दर र मनोरम पर्यटकीय स्थलहरुको प्रचार प्रसार भई पर्यटन प्रवर्ध्दन हुने र पोखरा लगायत समग्र गण्डकी प्रदेशको सुन्दरताको बारेमा विश्वभर सकारात्मक सन्देश जाने विश्वास लिएको छ ।

मित्रराष्ट्र बङ्गलादेशका महामहिम राष्ट्रपतिज्यूको गण्डकी प्रदेशको राजधानी पोखराको भ्रमणलाई सफल पार्न आ-आफ्नो तहबाट सहयोग पुर्या उनुहुने गण्डकी प्रदेशका जनता, राजनीतिक दल, स्थानीय तह, विभिन्न तहका पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय तथा पत्रकार लगायतका सम्पूर्ण महानुभावहरुमा गण्डकी प्रदेश सरकार आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छ ।

धन्यवाद !

२०७६ साल कार्तिक २९ गते